नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९

चलानी नं: 365

सिंहदरबार, काठमाडौं

२०७८/०९/१२

श्री पर्यटन विभाग, भृकुटीमण्डप
श्री पुरातत्व विभाग, रामशाहपथ
श्री राष्ट्रिय संग्रहालय, छाउनी
श्री नारायणहिटी दरवार संग्रहालय, नारायणहिटी
श्री पाटन संग्रहालय, पाटन
श्री राष्ट्रिय कला संग्रहालय, भक्तपुर
श्री वृहत्तर जनकपुर क्षेत्र विकास परिषद, जनकपुरधाम
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप
श्री पशुपति क्षेत्र विकास कोष, वनकाली
श्री लुम्बिनी विकास कोष, लुम्बिनी
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी
श्री नेपाल नाट्य तथा संगीत प्र. प्रतिष्ठान, छाउनी
श्री नेपाल ललितकला प्र. प्रतिष्ठान, नक्साल
श्री सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघर, जमल
श्री देवघाट क्षेत्र विकास समिति, देवघाट
श्री हलेसी महादेवस्थान विकास समिति, खोटाङ
श्री नेपाल प्रतिलिपी अधिकार र.कार्यालय, शान्तिनगर
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल
श्री नेपाल वायुसेवा निगम, कान्तीपथ
श्री नेपाल पर्यटन तथा होटल व्य. प्रतिष्ठान, रविभवन
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, बिजुलीबजार
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, रविभवन
श्री पर्वतीय प्रशिक्षण विकास समिति , बिजुलीबजार
श्री पाटन संग्रहालय विकास समिति, पाटन
श्री पाथिभरा क्षेत्र विकास समिति , ताप्लेजुङ
श्री बौद्ध दर्शन प्र. तथा गुम्बा व्य. समिति, पुल्चोक
श्री तारागाउँ विकास समिति, बबरमहल
श्री बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध
श्री भानु जन्मस्थल विकास समिति, तनहूँ
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा
श्री हनुमानढोका दरवार संग्रहालय वि. स., काठमाण्डौ

**विषय- कोभिड -19 सम्बन्धमा।**

प्रस्तुत विषयमा विगत लामो समयदेखि कोभिड संक्रमणबाट मुलुक प्रताडित भइरहको छ । कोभिडका नयाँ–नयाँ भेरियन्टहरू देखिदै जाने र यसको नियन्त्रण र रोकथामका लागि सतर्कता अपनाउदै व्यवस्थापन गर्ने कार्य चुनौतिपूर्ण छ। कोभिड १९ को रोकथाम, नियन्त्रण, उपचार एवं निदानका लागि हरेक निकायहरूको आ-आफ्नो जिम्मेवारी पनि तोकिएको छ। परिवर्तित समयमा नयाँ – नयाँ भेरियन्टका रूपमा देखिने संक्रमणको रोकथाम र नियन्त्रण गर्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्य अन्तरसम्बन्धित मन्त्रालयहरू एवं केन्द्रीय संकट व्यवस्थापन केन्द्रबाट बेलाबेलामा निर्णय एवं निर्देशनहरू कार्यान्वयनका लागि प्राप्त हुने गरेका छन।

माथि उल्लेख भए अनुरूपका निर्णय एवं निर्देशनहरू यस मन्त्रालयको Website: https://www.tourism.gov.np र यस मन्त्रालयको मोवाइल एपमा Upload गरिएको छ । आ-आफ्ना निकायसँग सम्बन्धित निर्णय एवं निर्देशनहरूको शिघ्र कार्यान्वयन गर्ने, कार्यान्वयनको प्रगति प्रतिवेदन यस मन्त्रालयमा नियमित रूपमा गर्ने र यस सम्बन्धी कार्यसम्पादन गर्ने कार्यका लागि एक जना जिम्मेवार कर्मचारीलाई Focal Person तोकी विवरण पठाउने व्यवस्था मिलाउनु हुन नेपाल सरकार (सचिवस्तर) मिति २०७८/०९/१२ को निर्णयानुसार अनुरोध छ।

(प्रकाश दुलाल)
शाखा अधिकृत